
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत १८ गते आइतबार ❑ 31 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## विकासको चाहना पूरा गर्न सबै एकजुट हुनुपर्छ : राष्ट्रपति

**पोखरापत्र संवाददाता**
चितवन, १७ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले समयअनुसार नेपाली जनताको विकासको चाहना पूरा गर्न सबै एकजुट हुनुपर्ने बताउनुभएको छ। चितवनको भरतपुर महानगरपालिका-१ ठिमुरा र तनहुँको देवघाट गाउँपालिका-५ घिन्टार जोड्ने त्रिशूली नदीमा बनेको पुलको आज उद्घाटन गर्नुहुँदै उहाँले देशको समृद्धिको मुख्य आधार कृषि क्रान्ति, पर्यटनको विस्तार र ऊर्जा शक्तिको विकाससँगै सुशासनको खाँचो औँल्याउनुभयो।



राष्ट्रपति पौडेलले केही भएन होइन, केही भएको छ र केही हुँदैन होइन, केही हुँदैछ भन्ने आश र विश्वासको जगमा नेपाली जनताको समयअनुसारको विकासको चाहना पूरा गर्न सबै एक भएर जुट्नुपर्नेमा जोड दिनुभयो। लोकतन्त्रप्राप्तिसँगै क्रमशः भएको विकासको गति र त्यसको स्तरोन्नतिलाई यस्ता पूर्वाधारका कामले भविष्यको बृहत्तर विकासको आयामलाई बढावा दिन आशा एवं भरोसा जगाएको उहाँको भनाइ थियो। राष्ट्रपति पौडेलले माथिल्लो जिम्मेवारीमा बसेकाहरूबाट काम सम्पन्न भएको छ कि स्थानीय जनताको मेहनतबाट मात्रै काम सम्पन्न भएको छ भन्ने कुराको अब मूल्याङ्कन गर्नुपर्नेबेला भएको बताउनुभयो । "सरकारले धेरै योजनामा धेरै ठाउँमा धेरै बजेट राखेको छ, तर ती योजना अलपत्र छन्, तर जहाँ स्थानीय जनताले मेहनत गरेका छन्, त्यहाँ मात्रै काम सम्पन्न भएका छन्", उहाँले भन्नुभयो, "त्यसैले अब मूल्याङ्कन हुनुपर्छ कि माथिल्लो जिम्मेवारीमा बसेकाले काम सम्पन्न गरेका छन् कि स्थानीय जनताको मेहनतबाट मात्र काम सम्पन्न भएका छन् ।" ठूलो त्याग, बलिदान र सङ्घर्षबाट हामीले नेपालको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले आत्मनिर्भर नेपाली र समृद्धिसहित विकसित आधुनिक नेपाल निर्माण नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुख्य लक्ष्य भएको बताउनुभयो । "सफल राजनीतिक आन्दोलनको कार्यभार पूरा गरेपछि अब हाम्रो ध्यान सुशासन, विकास र समृद्धितर्फ केन्द्रित हुनुपर्छ, यसमा कहीँकतै द्विविधा हुनुहुँदैन", उहाँले भन्नुभयो । "म त्यही एजेण्डामा आज पनि उभिएको छु, राष्ट्रपतिमा निर्वाचित भएपछि मैले भनेको पनि छु म राजनीतिमा हात हाल्दिन र विकासबाट टाढा पनि भाग्दिन, अर्थात् देश विकास नै मेरो अभिष्ट तथा अभिभावकीय भूमिका र चाहना हो", राष्ट्रपति पौडेलले भन्नुभयो । यस अर्थमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई समावेशी, उदार, एकताबद्ध र समन्वयात्मक हुन प्रेरित गर्ने उहाँको भनाइ थियो । उत्पादन, रोजगारी, उद्योगधन्दासहितका आर्थिक क्रियाकलाप र निर्यातमुखी अर्थतन्त्रको विकास समयको माग भएको राष्ट्रपति पौडेलको भनाइ थियो । "यस क्षेत्रको विकासका लागि यो पुल कोसेढुङ्गा सावित हुनसक्छ भन्ने मलाई लाग्छ, किनभने यहीँबाट यस क्षेत्रको व्यवसायीकरणसहित तीव्ररूपमा कृषि उत्पादन अनि त्यसको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## यही चैत २५ गतेदेखि पोखराको हेमजामा आलु महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

यही चैत २५ गते देखि पोखराको हेमजामा आलु महोत्सव हुने भएको छ । हेमजाको विष्णुपादुका क्लवको आयोजनामा आउदो वैशाख ५ गतेसम्म चल्ने १२ औं संस्करणको राष्ट्रिय हेमजा महोत्सवको तयारी तिव्र पारिएको शनिवार हेमजामा आयोजित पत्रकार सम्मेलन मार्फत क्लवले जनाएको छ।

महोत्सवमा प्रतिकेजी ३८ देखि ४० मा आलु बिक्रि हुने भएको क्लव अध्यक्ष एवं मूल आयोजक समितिका अध्यक्ष सुविन श्रेष्ठले बताए । महोत्सवलाई कृषि, पर्यटन तथा व्यापार मेलाका रुपमा विकास गर्न खोजिएको उनले स्पष्ट पारे ।

क्लव सचिव एवं मूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठले विशुद्ध हेमजावासीको महोत्सवका रुपमा राष्ट्रिय हेमजा आलु महोत्सवलाई चिनाउँदै त्यससँग हेमजाको पहिचान जोडिएको बताए ।उनले यस वर्षको महोत्सव मार्फत बचत हुन आउने रकमबाट क्लवको बहुउद्देश्यीय भवन निर्माणको लक्ष्य राखिएको स्पष्ट पार्दै हेमजालाई देश विदेशमा चिनाउन आलु महोत्सवको भूमिका महत्वपूर्ण रहेको औँल्याए । पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाँले महोत्सवमा कृषिका गतिविधिलाई



प्राथमिकता दिन सुझाव दिँदै आलु महोत्सव किसानको महोत्सव हुनुपर्ने बताए ।उनले उन्नत विउ लगाए नियमित अवस्थामा भन्दा १५ देखि २० प्रतिशतसम्म बढी उत्पादन लिन सकिने स्पष्ट पार्दै आलुको उत्पादनमा ध्यान दिन आयोजकलाई ध्यानाकर्षण गराए । त्यस अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरीता तिमिल्सीना पंगेनी, कृषि ज्ञान केन्द्र कास्की प्रमुख किरण सिग्देल, क्लवका सदस्य सन्तोष पौडेल लगायतले धारणा राख्दै आलु तरकारीको राजा भएको औँल्याए ।महोत्सव अन्तर्गत आजकल स्टल निर्माणको कार्य धमाधम भइरहेको छ ।त्यहाँ कुल १ सय ४० स्टल रहनेमा ४० स्टल कृषि उपजको प्रवर्द्धनका लागि छुट्टाइएको छ। महोत्सवको तयारी स्वरुप दैनिक जसो बैठक, छलफल एवम् भेटभाट जारी छामहोत्सवमा प्रतिकेजी रु.३८ देखि ४० का बीचमा आलुको कारोवार हुने तथा प्रवेशका लागि साधारण ८० तथा विद्यार्थीलाई ५० रुपैयाँमा टिकटको व्यवस्थापन गरिएको छ । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहनेछन् ।

महोत्सवका लागि सदाझै यस वर्ष पनि 'सुन्दर ठाँउ हेमजा जाऔंः आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक' भन्ने नारालाई अगाडि सारिएको छ। हेमजाको कुल १२ हजार ५ सय हेक्टरमध्ये ५ सय ९० हेक्टरमा आलु खेती गरिँदै आइएको छ । जसअन्तर्गत त्यहाँका ५ सय ४० घरपरिवार किसान व्यावसायिक रुपमा आलुखेतीमा आबद्ध छन् ।यस वर्षको महोत्वव अन्तर्गत हेमजामा करिव ८० टन आलुको कारोवार हुने आयोजकको अपेक्षा छ।

## गण्डकीमा स्वास्थ्य तालिमको सातवर्षे रणनीति कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

गण्डकी प्रदेशमा स्वास्थ्यसम्बन्धी तालिमलाई व्यवस्थित गर्न पहिलोपटक 'स्वास्थ्य तालिम रणनीति' बनाइएको छ।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मातहतको स्वास्थ्य तालिम केन्द्रले विसं २०८०-२०८७ सम्मका लागि बनाएको उक्त रणनीति गत फागुन २३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भई लागू भएको छ।

स्वास्थ्य जनशक्तिको कार्यदक्षता अभिवृद्धि, नयाँ कार्यक्रमका बारेमा थप ज्ञान, सीप प्रदान गर्न योजनाबद्ध मार्गदर्शन प्रदान गर्ने उद्देश्यले रणनीति तयार गरिएको तालिम केन्द्रका निमित्त महानिर्देशक रमेशप्रसाद अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस रणनीतिले संविधान प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हक सुनिश्चित गर्न र गुणस्तरीय स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्न दिशानिर्देश प्रदान गर्नेछ ।" रणनीतिले सरकारी बाहेकका निजी स्वास्थ्य संस्था तथा अस्पतालका स्वास्थ्यकर्मीहरूलाई आवश्यक तालिम प्रदान गर्ने योजना रहेको अधिकारीले बताउनुभयो।

यसको कार्यान्वयनपछि तालिममा एकद्वार प्रणालीको विकास हुने भएकाले दोहोरोपन घट्ने, मितव्ययी हुने, संस्थागत अनुपस्थितिदर घटाउने तथा अभिलेखीकरणको त्रृटि न्यून हुने अपेक्षा गरिएको उहाँको भनाइ छ। सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका विभिन्न निकायका प्रमुख, विकास साझेदार, गैरसरकारी संस्था निजी क्षेत्र तथा प्राज्ञहरूलगायत सबै सरोकारवालासँगको अन्तरक्रिया, छलफल र आवश्यक परामर्शसहित रणनीतिक योजना तयार पारिएकाले सबै तहका स्वास्थ्य तालिमसम्बन्धी मुद्दाहरूको सम्बोधन गरिने महानिर्देशक अधिकारीले जानकारी दिनुभयो।

स्वास्थ्यसम्बन्धी तालिमको आवश्यकता पहिचान र निर्धारण तथा यसका लागि संस्थागत र संयन्त्रगत व्यवस्था र कार्यान्वयन, तालिम पाठ्यक्रम र पाठ्यसामग्री विकास तथा परिमार्जन, तालिमहरूको अनुगमन, मूल्याङ्कन, क्षेत्र, विषय, विधि र अवधिअनुरुप तालिम विकास, आवश्यक प्रशिक्षक उत्पादन, प्रशिक्षार्थी छनोटलगायतलाई रणनीतिमा समेटिएका छन्।

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले बढ्दो स्वास्थ्य तालिम तथा क्षमता अभिवृद्धिको आवश्यकतालाई सम्बोधन गरी गुणस्तरीय तालिममार्फत स्वास्थ्यमा नागरिकका पहुँच बृद्धि गर्न सघाउ पुग्ने बताउनुभयो । "रणनीति पूर्ण रूपमा कार्यान्वयनमा आएर प्रदेशभित्रका सबै नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार भएर गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोग सुनिश्चित हुनेछ", उहाँले भन्नुभयो।

## जिल्लाभरिका एसइई परीक्षार्थी एउटै कोठामा

**पोखरापत्र संवाददाता**
मनाङ, १७ चैत

देशकै थोरै परीक्षार्थी रहेको मनाङ जिल्लामा यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि एउटा मात्रै परीक्षा केन्द्र तोकिएको छ । चालिस जना परीक्षार्थी मात्र रहेकाले उक्त परीक्षा केन्द्रमा सबैलाई एउटै कक्षाकोठामा राखेर परीक्षा सञ्चालन गरिएको छ।


यही चैत १५ गतेदेखि सुरु भएको परीक्षामा हालसम्म अङ्ग्रेजी र नेपाली विषयका परीक्षा सकिएका छन् । बाँकी विषयका परीक्षा पनि सोही कोठाबाटै सञ्चालन गरिने जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख मतिलाल चपाइँले जानकारी दिनुभयो । विगतका वर्षभन्दा फरक ढङ्गले यस वर्षको एसइई सञ्चालन गरिएको उहाँको भनाइ छ। चपाइँका अनुसार उक्त परीक्षा केन्द्रबाट ४२ वर्षीया आमा राधा थापा क्षेत्री र १६ वर्षीय छोरा जयराम थापा क्षेत्रीले सँगै परीक्षा दिइरहेका छन्। "अहिलेसम्मका परीक्षा शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा भएका छन्", उहाँले भन्नुभयो, "अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी आउनुभएको थियो। हामीले पालैपालो अनुगमन गर्ने गरेका छौं। यसले विद्यार्थीमा त्रासको वातावरण पैदा गरेको छैन।" चालीस परीक्षार्थीमध्ये एक जना अनुपस्थित भएकाले अहिले ३९ जना परीक्षामा सहभागी भएका चपाइँले बताउनुभयो । उहाँका अनुसार परीक्षा केन्द्र परिसरको सुरक्षाका लागि नेपाल प्रहरीका सात र सशस्त्र प्रहरी बलका सात गरी १४ जना सुरक्षाकर्मी परिचालन गरिएको छ। उक्त परीक्षा केन्द्रमा २३ छात्रा र १७ छात्र गरी कूल ४० विद्यार्थीले एसइईमा सहभागिता जनाउने गरी फाराम भरेकामा खुलातर्फका एक जना अनुपस्थित भएपछि ३९ परीक्षार्थीले परीक्षा दिइरहेका केन्द्राध्यक्ष श्यामकृष्ण पन्तले जानकारी दिनुभयो। उहाँका अनुसार प्रकाशज्योति माविबाट १९, लोकप्रिय माविबाट १७, अन्नपूर्ण माविबाट एक र लोकप्रिय माविबाट (खुला) दुई गरी ३९ जना सहभागी भएका छन्।

लोकप्रिय माविमा परीक्षा केन्द्र कायम गरिकामा आवासीय विद्यालय भएकाले होहल्ला हुने तथा नजिकै पहिरो गएकाले समस्या हुनसक्ने भएपछि बालमन्दिर प्राविको हलमा परीक्षा सञ्चालन गरिएको पन्तले बताउनुभयो । उहाँका अनुसार मनाङमा एउटै परीक्षा केन्द्र र एउटै परीक्षा हल कायम भएको छ । मर्यादित ढङ्गबाट परीक्षा सञ्चालन भएको जानकारी दिँदै उहाँले यस वर्षदेखि एसइई दिने विद्यालयका कोहीलाई पनि निरीक्षक तथा केन्द्राध्यक्ष नराखिएको बताउनुभयो।

"विगतका वर्षमा जुन परीक्षा केन्द्र हुन्थ्यो, त्यही विद्यालयका प्रधानाध्यापक केन्द्राध्यक्ष हुने र अन्य शिक्षक निरीक्षक बन्ने गरिएको थियो । यस वर्षदेखि उक्त व्यवस्थामा परिवर्तन गरेका छौं", केन्द्राध्यक्ष पन्तले भन्नुभयो, थोरै विद्यार्थी भएकाले दुई जना निरीक्षक राखेर परीक्षा सञ्चालन गरिरहेका छौं।"

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछाने र शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख चपाइँले अनुगमन गर्दै आउनुभएको छ। परीक्षा हलमा तस्बीर खिच्न निषेध गरिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रेडियो अन्नपूर्णको रक्तदानमा २ सय ७ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जले शनिबार पोखरामा आयोजना गरेको वृहत् रक्तदान कार्यक्रबाट २ सय ७ युनिट रगत संकलन भएको छ।

नयाँ रक्तदातालाई रक्तदान प्रति प्रेरित गर्ने उद्देश्यले 'स्वास्थ्यका लागि रक्तदान' भन्ने नाराका साथ आयोजना गरेको २२ औं संस्करणको रक्तदानबाट २ सय ७ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक राजाराम पौडेलले जानकारी दिए।

कार्यक्रममा नयाँ रक्तदाताको उल्लेखनीय सहभागिता रहेको थियो। ८० जना नयाँ रक्तदाता, १ सय ८४ पुरुष र २३ जना महिलाले रक्तदान गरेका छन्। रेडियोले आफ्नो स्थापना कालदेखि हालसम्म ७ हजार ७ सय ३ युनिट रगत संकलन गरिसकेको महा-प्रबन्धक नारायण पौडेलले बताए। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापति र रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले पहिलो रक्तदाता विजया सापकोटालाई




संयुक्त रुपमा ब्लडव्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका थिए। कार्यक्रममा बोल्दै संघका अध्यक्ष प्रजापतिले रेडियोले आफ्नो स्थापनाकालदेखि नै सामाजिक कार्य गर्दै आएको भन्दै प्रशंसा गरे।

रेडियोका अध्यक्ष पालिखेले रेडियोले वार्षिक रुपमा रक्तदान गर्दै आइरहेको र यसलाई निरन्तरता दिइरहने बताए। प्रवन्ध निर्देशक सुनयना पालिखेले अहिलेसम्म रेडियोले आयोजना गरेको रक्तदानबाट रगतको अभावमा छटपटाइरहेका बिरामीको जीवन बचाउन सफल भएको भन्दै सहयोगी रक्तदाताप्रति धन्यवाद व्यक्त गरिन्।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, एनआइसी एसिया बैंकका गण्डकी प्रदेश प्रमुख दीपेन्द्र शर्मा, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेजबहादुर गुरुङ, पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेल, लायन मिलन थापा, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना, महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, वडा नं ४ का वडा अध्यक्ष देवकृष्ण पराजुली, वडा नं. ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानी, कलाकार माओत्से गुरुङ, आकस्मिक रक्तदान व्यवस्थापन समितिका अध्यक्ष हरिचन्द्र शर्मा, रक्तसंचारकेन्द्र गण्डकीका प्रमुख अजुर्न ज्ञवालीलगायतले रेडियोले सामाजिक कार्यमा महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरे।

कार्यक्रममा पोखरा इन्टरनेट ,एनआइसी एसिया बैंक, नबिल बैंक, नेपाल बैंक, श्री स्टील प्रा.लि, बृज एडिटिभिज, रुपाकोट सुनचाँदी दुकान, डि.एस ट्रेड्स, सलिको इन्स्योरेन्स, चलचित्र ईश्वर, राष्ट्रिय बाणिज्य बैंक, नेलम्बो नेपाल, लायन्स क्लब अफ स्मार्ट टाउन, एक्सपर्ट एजुकेशन एण्ड भिजा सर्भिसेज, सिजि फुड्स नेपाल रियो जुस, डावर नेपाल रियल जुस, माई बुक्स स्टेसनरी, रोजिना अफसेट प्रेस, परिचय एडभटाइजिङ, पेन्गुइन मिनिरल वाटर, तालबाराही फार्मेसी, सोपान एजुकेसनले सहकार्य गरेका थिए।

# लेखनाथको अर्चलेमा बस दुर्घटना

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

शनिबार पोखरामा अनौठो बस दुर्घटनामा परेको छ। सायद यो दुर्घटना हुदा पोखरामा मानविय क्षति हुनबाट भने बच्न सफल भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर २७, अर्चलेमा शनिबार बिहान करिब १०:०० बजे ग १ ख ८६८० नम्बरको बस दुर्घटना हुँदा बसका चालक तथा सहचालक सामान्य घाइते भएको कास्की प्रहरीले जनाएको छ। दुर्घटनामा परी घाइते भएका चालक टीकाराम विक र सहचालक शालिकराम सुवेदीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा उपचार पछि आज नै उनीहरु डिष्चार्ज भएको



अस्पताल श्रोतले जनाएको छ।

लेखनाथतिर फर्किँदै गरेको बस शनिबार बिहान १० बजेतिर दुर्घटनामा परेको थियो। यात्रुले रिजर्भ गरेको बस फर्किदा बस सडकको बिच भागमा ठिंग उभिएको अबस्थामा रहेको थियो। बसको अगाडीको भागले भुइमा टेकेको र पछाडीको भाग आकास तर्फ फर्कियको बसको ६ पाङ्ग्रा मध्य कुनैले जमिन नछोएको अबस्थामा बस दुर्घटना भएको घटनाले शनिबार उक्त तष्विर तथा भिडियो सामाजिक संजालहरुमा भाइरल नै भएको छ।

# कमलपोखरी सहकारीमा बुद्धिचाल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था पोखरा १३ ले सहकारी दिवसको अवसर पारेर १४ बर्ष भन्दा मुनिका बालबालिकालाई बुद्धिचाल प्रतियोगिता गरेको छ।

६७ औ सहकारी दिवसको अवसरमा बुद्धिचाल प्रतियोगिताको साथमा २०८१ सालको क्यालेन्डर पनि विमोचगन गरिएको छ। सहकारीका कार्यवाहक अध्यक्ष इन्द्र बहादुर कुँवर, संस्थाका सल्लाहकार द्धय गोबिन्द आचार्य र राम बहादुर कार्की लगायतले



संयुक्त रुपमा क्यालेन्डर विमोचन गर्नुभयो।

बुद्धिचाल प्रतियोगितामा १९ जना सहभागिता रहेको थियो। उत्कृष्ट पाँच जना क्रमश पहिलो रोनक अधिकारी, दोस्रो हार्दिक सिग्देल, तेस्रो आदर्श पौडेल, चौथो गौरव आचार्य र पाँचौ कदम क्षेत्री र मिलिसा प्रधानलाई नगद र प्रमाणपत्र प्रदान गरिएको रंजन कुँवरले वताउनु भयो। कार्यवाहक अध्यक्ष कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका सचिव सचिव कुमार केसी र कोषाध्यक्ष रमेश राज पौडेलल संचालन गर्नु भएको थियो।

# माछापुच्छ्रे परोपकार संस्थाको सहयोग तथा सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

माछापुच्छ्रे परोपकार संस्था लाहाचोकले एक समारोहबीच विभिन्न प्रतिभालाई सम्मान तथा प्रोत्साहन गरेको छ।

संस्थाले शनिवार लाहाचोकका अग्रज समाजसेवी, युवा कृषक, खेलाडी, जेहेन्दार विद्यार्थी, ज्येष्ठ आमालाई सम्मान र घाइतेलाई सहयोग अर्पण गरेको छ। समारोहमा ज्येष्ठ समाजसेवीतर्फ हर्कबहादुर गुरुङ, प्रेमप्रसाद पौडेल, युवा कृषकतर्फ आनन्द अधिकारी, ओमप्रकाश अधिकारी, रमेश जिसी र खेलतर्फ सुजन नेपालीलाई सम्मान गरिएको थियो।

सोही समारोहबीच संस्थाले भिझभीर्का निवासी दुर्घटनाकी घाइते बबिता अधिकारीका लागि ४० हजार सहयोग हस्तान्तरण गरिएको थियो। संस्थाले महेन्द्र मावि लाहाचोककी छात्रा कुसुम नेपालीलाई नगद आठ हजारसहित शैक्षिक सामग्री र विद्यालयलाई खेलकुद सामग्री सहयोग समेत गरेको छ। समारोहमा समाजका ज्येष्ठ विपन्न आमा लक्ष्मी नेपाली, जुना परियार, विष्णुमाया कामी, रुकी परियार र लीला रानाभाटलाई साडीचोलो र चप्पलसहित



सम्मान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि अर्जुनबहादुर शाहीले परदेशमा बसेका गाउँका भाइछोराले थालेका सामाजिक कामले गाउँप्रतिको माया बढाउने भएकाले आफ्नातर्फबाट सक्दो सहयोग गर्दै आएको बताए। उनले ज्ञान आर्जनका लागि समाजका हरेक व्यक्ति प्रेरणाका श्रोत बन्ने भएकाले राम्रो नराम्रो टिकाटिप्पणी भन्दा त्यसबाट आफूले ग्रहण गर्ने शिक्षा नै महत्वपूर्ण कुरा रहेको धारणा राखे। लाहाचोक ४ का वडाध्यक्ष मधुसुदन अधिकारीले वैदेशिक रोजगार मञ्च विधिवत माछापुच्छ्रे परोपकारी संस्था भएर अगाडि बढेको देख्दा खुसी लागेको बताए। उनले आफू सरकारमा बसेर पनि गर्न नसकेका कार्यक्रम परोपकारी मञ्चले गरेको भन्दै लाहाचोक प्रकृतिको वरदान भएकाले अझ समुन्नत बनाउन सबैलाई एक भएर लाग्नसमेत आग्रह गरे। लाहाचोक ४ का पूर्व वडाध्यक्ष पूर्णबहादुर शाहीले गाउँको विकासका लागि एक्लो जनप्रतिनिधिले केही गर्न नसक्ने भएकाले सबै गाउँलेलाई विकासको अभियानमा एकजुट हुन आग्रह गरे।

भूतपूर्व डिएसपी राजेन्द्र अधिकारीले माछापुच्छ्रे परोपकारी संस्थाका हिजो सुनेका भन्दा आज प्रत्यक्ष देखेका गतिविधिबाट आफू निकै प्रभावित भएको धारणा राखे। स्वतन्त्र पत्रकार संघ कास्कीका निवर्तमान अध्यक्ष असफल गौतमले जन्मभूमिमा भरोसा नपाएर परदेश भएकाहरू परदेशबाट स्वदेशको विकास र समृद्धिमा लगाएको चिन्तनप्रति स्थानीय सरकारको ध्यान जान आवश्यक रहेको बताए।

युवा संघ नेपाल कास्कीका अध्यक्ष पानबहादुर जिसीले गाउँले धेरै आशा गरेका संस्थाका गतिविधिलाई थप उचाइमा पुऱ्याउन सब एक भएर अगाडि बढ्न आवश्यक रहेकोमा जोड दिए। कार्यक्रममा लाहाचोक साहित्य सदनका अध्यक्ष लिलाधर अधिकारी अभिलाषी, सिर्जना साहित्य सदनका सचिव पदम नेपाल, समाजसेवी मिनराज अधिकारीलगायतले परोपकारी मञ्चका गतिविधिको प्रशंसा गरेका थिए। समारोहमा सुरक्षा शाही, दिपेश नेपाली, कृष्टिना जिसी, लाहाचोक नौमती बाजा समूहले विविध सांस्कृतिक प्रस्तुति राखेका थिए। इन्द्रप्रसाद अधिकारीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा संस्थाका अध्यक्ष प्रदीप क्षत्रीले कार्यक्रम संयोजक राजु क्षत्री अपुरोको अथक प्रयास र मेहनतको प्रतिफल नै आजको कार्यक्रम रहेको बताए। संस्थाका सचिव सुशील श्रेष्ठले संस्था विधिवत स्थापनापछि पहिलो प्रारम्भिक साधारण सभासहितको कार्यक्रम सफल पार्न सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरे।

# विकासको ...

बजारीकरण, ऊर्जा र पर्यटन क्षेत्रको विकास र विस्तार तथा शालिग्राममार्गलाई कालीगण्डकी करिडोर हुँदै उत्तर दक्षिण जोड्ने एउटा कडी बनाउन सकिने मैले देखेको छु", उहाँले भन्नुभयो। मुलुककै महत्वपूर्ण केन्द्र मानिएको चितवन, नवलपरासी र तनहुँको सङ्गमस्थल पवित्र तपोभूमि देवघाटमा उपस्थित भएर यस क्षेत्रका बासिन्दासँग भेटघाट गर्न पाउँदा आफूलाई खुसी लागेको उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले यहाँसम्म आइपुग्दा गर्नुपरेका सङ्घर्ष र अनेक अवरोध तपाईहरूबाट छिपेको छैन भन्नुभयो। उहाँले दामोदर कुण्डबाट बगेर आएको कृष्णा (कालीगण्डकी) र गोसाइँकुण्डबाट बगेर आएको त्रिशूलीजस्ता पवित्र नदीको सङ्गम देवघाटधाम क्षेत्रको व्यापक प्रचार गरी यसलाई राष्ट्रिय गौरवको योजनामा समेटेर यहाँको विकास गर्न आवश्यक भएको धारणा व्यक्त गर्नुभयो। "ऋषिमुनिहरूले तपस्या गरेको यहाँका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचीन महत्वको स्थलको संरक्षण र संवर्द्धन गरी सरोकारवालाको सहयोगमा उत्कृष्ट धार्मिक तथा आध्यात्मिक केन्द्र बनाएर विश्वकै ध्यान यसतर्फ केन्द्रित गर्न जरुरी छ, देवघाट धाम, गण्डकी नदी, तीनका सहायक नदीहरू तथा यहाँका विविध क्षेत्रको महत्वबारे परिचित गराउन जरुरी छ", राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले देवघाट क्षेत्र विकास समितिको स्थापनाकालदेखि नै यहाँको समग्र विकासमा आफूले ध्यान दिएको स्मरण गर्दै यसको थप विकासमा पनि सधैँ साथ रहने विश्वास दिलाउनुभयो। राष्ट्रपति पौडेलले यति पवित्र भूमिमा वर्षौंदेखि एउटा झोलुङ्गे पुलको भरमा यस क्षेत्रका वासिन्दा र भक्तजनले आवतजावत गर्नुपर्ने कष्टकर अवस्थाको पुल निर्माणसँगै अन्त्य भएको बताउनुभयो।


दशक लामो कठिन प्रयत्नपछि बन्दै भत्कँदै बनेको यो केवल एउटा पुल मात्र नभएर यस सेरोफेरोको कृषि, पर्यटन, व्यापार-व्यवसायलगायत विकासको बलियो जग खडा हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो। "देशविदेशबाट चितवन आउने जोकोहीलाई भरतपुरबाट सहज पहुँचको मार्गप्रशस्त गरेको यस पुलले देवघाटधामको सर्वाङ्गीण विकासको ढोका खोलेको छ, दुई प्रदेश र दुई जिल्ला जोड्ने यो पुल यही क्षेत्र भएर जाने शालिग्राममार्गको प्रस्थान बिन्दु हो", उहाँले भन्नुभयो।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

## सम्पादकीय

# कांग्रेस प्रतिको आशा

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सहकारीको अनियमिततामा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नताबारे छानबिन गर्न संसदीय समिति बनाउनुपर्ने माग गर्दै प्रतिनिधि सभाको बैठक अबरुद्ध पार्दै आएको छ । काङ्ग्रेस प्रतिपक्षमा पुग्ने बित्तिकै गृहमन्त्री रवि लामिछानेको राजिनामा मागेर सदन अबरुद्ध गर्नु सरकार छोड्नुपर्दाको पीडा मात्र हो । संसदको अघिल्लो (७ चैत) मा बसेको बैठकमा पनि कांग्रेसले यो माग राख्दै भनेको थियो, 'आउँदो संसदमाड सरकार पक्ष समिति बनाउन मानेन भने यो सदन उहाँहरुलाई चाहिएको रहेनछ भनेर हामीले बुझ्नेछौं ।'

त्यसपछि संसद बस्दैछ । सभामुख देवराज घिमिरेको नेतृत्वमा प्रमुख सचेतकहरु नै विदेश भ्रमणमा जाने भएपछि संसद १० दिनका लागि स्थगित भयो । यो १० दिनमा यो विषयमा दलहरुबीच कुनै सम्वाद नै भएन । कांग्रेसले समिति गठनको माग छाडेको छैन भने सत्तारुढ दलहरु संसदीय छानबिन समिति गठन आवश्यक नभएको बताएका छन् । प्रधानमन्त्रीले दुई ठुला दलका नेतासंग भेटेर सहमति जुटाउन आब्हावना गरेका छन । शनिबार सभामुखले प्रमुख दलका प्रमुख सचेतक/सचेतकहरुसँग गरेको छलफलमा पनि यसबारे सहमति जुटेको छैन । सिंहदरबारमा बसेको बैठकमा सत्तारुढ दलका प्रमुख सचेतकहरुले सांसदीय छानबिन समिति आवश्यक नरहेको बताएका छन् ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले आफूले उठाएको विषय सही हो कि होइन भनेर कांग्रेसले पुनर्विचार गर्नुपर्ने बताए । सरकारलाई ३० दिनभित्र ढाल्छु भन्ने उद्देश्य निर्धारण गरेर सरकारलाई असहज बनाउन यो मुद्दा उठाएको भन्दै उनले भने, 'प्रधानमन्त्री स्वीकार गर्न तयार भएको नेपाली कांग्रेसले गृहमन्त्री अस्वीकार गरेर छानबिन समितिको जे कुरा गरेको छ, यो राजनीतक आग्रहबाट प्रेरित छ ।' यद्यपि संसदमा प्रमुख प्रतिपक्षले उठाएको विषयलाई सरकारले गम्भीरताका रुपमा लिएर प्रधानमन्त्रीले समेत जवाफ दिइसकेको भन्दै उनले गृहमन्त्रीलाई पनि सुन्न आग्रह गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले पनि उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछाने संसदमा जवाफ दिन तयार रहेको बताए । प्रतिपक्षले उठाएको विषयलाई प्रष्ट पार्नु सरकार र आफ्नो दलको पनि जिम्मेवारी रहेको भन्दै उनले भने, 'हामी प्रमुख प्रतिपक्षले चाहेको कुनै पनि बेलामा जवाफ दिन तयार छौं ।'

तर कांग्रेस भने गृहमन्त्रीको जवाफ सुन्न तयार देखिएको छैन । कांग्रेसले संसद अवरुद्ध गर्न पनि सक्छ । किनकी संसदको अघिल्लो बैठकमा नै कांग्रेसले आफ्नो धारणा प्रष्ट पारसकेको र सत्तापक्ष समिति गठनका विषयमा छलफलका लागि पनि तयार नहुनु कुण्ठा मात्र हो । संसदीय समिति गठन गर्नुपर्ने कांग्रेसको अडान कायमै रहेनु समिति नबनेसम्म संसद अवरुद्ध गर्ने कि आफ्ना मत राखेर केही दिन सदन चल्न दिने दुई विकल्प छ । २ चैतमा सभामुखले गृहमन्त्री लामिछानेलाई यो विधेयक पेश गर्न समय दिए लगत्तै कांग्रेस सांसदहरुले वेल घेराउ गरेको थिए । सत्तारुढ दलका प्रमुख सचेतकहरु पनि यो विधेयक पेश गर्ने कार्यसूची २७ चैतलाई सार्ने सहमति भए । 'सदनमा असहज वातावरण नहोस् भनेर यो विधेयक तत्काल नल्याउने सहमति भएको छ',। कांग्रेसले संसद अवरुद्ध नगरी चल्न दिएमा ठुला दलले मात्र आशा जगाउँछ ।'

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्रदेश प्रमुख भट्टद्वारा महेन्द्र र चमेरे गुफा अवलोकन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

गण्डकी प्रदेशका नव नियुक्त प्रदेश प्रमुख डिल्लीराज भट्टले पोखराको प्रमूख पर्यटकीय स्थल महेन्द्र गुफा र चमेरे गुफाको अवलोकन गर्नुभएको छ ।

करिब ३ दशक पछि प्रसिद्ध महेन्द्र र चमेरे गुफाको अवलोकन गर्न पाएकोमा खुशी ब्यक्त गर्दै , गुफा क्षेत्रको विकासले फड्को मारेको बताउनु भयो । प्राकृतिक गुफालाई यसको पहिचान नमेटिने गरि संरक्षण गरिनुपर्नेमा जोड दिदै, प्रमुख भट्टले निर्माणाधीन संरचनाले थप आकर्षण दिने विश्वास ब्यक्त गर्नुभयो। स्थानीय विन्ध्यवासिनी माविको संरक्षण तथा स्वामित्वमा संचालित दुवै गुफाको विषयमा विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य एवम् महेन्द्र गुफा चमेरे गुफा पर्यटकीय विकास समितिका संयोजक गुरुदत्त भट्टराईले गुफा विकासको योजना र आगामी कार्यक्रमका विषयमा जानकारी गराउनुभयो । भट्टराईले गुरू योजना अनुसारका बाँकी कामका लागी आवस्यक सहयोगका लागि प्रदेश प्रमुख भट्टको ध्यानाकर्षण समेत गराउनुभयो। त्यस अवसरमा प्रमुख भट्टले पोखरा पर्यटकीय राजधानी भइसकेको अवस्थामा पर्यटकीय स्थलहरूको थप विकासका लागि तिनै तहका सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

यस अघि प्रदेश प्रमुख भट्टलाई संयोजक भट्टराई, समितिका सदस्य सचिव शिशिर पौडेल, विकास समितिका सदस्य सुशील बस्नेत, युवा नेता अर्जुन अधिकारीले स्वागत गर्नुभएको थियो । गण्डकी प्रदेश सरकारको सहयोगमा महेन्द्र गुफा सौन्दर्यकरण परियोजना मार्फत निर्माणाधिन काम अन्तिम चरणमा पुगेको बताईएको छ ।

# दुर्घटनामा एकै परिवारका पाँच जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, १८ चैत

गोरखा जिल्लाको गोरखा नगरपालिका-७ पौवाखेतका ४० वर्षीय शङ्कर रोकाको शुक्रबार क्यान्सरबाट मृत्यु भएपछि ७० वर्षीया आमा जुनकिरी रोकासहित सिङ्गो परिवार शोकमा परेको थियो ।

उपचारका क्रममा राजधानी काठमाडौंमा निधन हुनुभएका शङ्करको पशुपति आर्यघाटमा गएराति अबेर दाहसंस्कार गर्न गाउँबाट काठमाडौं जानुभएकी आमा जुनकिरीसहित सबै परिवार र आफन्त पशुपति आर्यघाटमा पुग्यो । अल्पायुमै छोराको निधनले मर्माहत हुनुभएकी जुनकिरी छोराको दाहसंस्कारको काम सकेर गाउँमै काजकिरिया गर्न तीन वटा गाडी लिएर सपरिवार गोरखा फर्कदै थियो । घर फर्कदै गरेका तीन गाडीमध्ये दुई गाडी मुग्लिन पुगेर रोकियो । मृतकका आमा जुनकिरी, दिदीबहिनी, ज्वाइँ, छोरा र भाञ्जा चढेर फर्कदै गरेको बा२ज ४१९६ नम्बरको ट्याक्सी आइपुगेन ।

निक्कैबेर प्रतिक्षापछि पनि गाडी नआएपछि अनेक शङ्काउपशङ्का बढ्दै गयो । मुग्लिन पुगेका आफ्नतले प्रहरीलाई जानकारी गराए । तत्काली चितवनको इच्छाकामना गाउँपालिका-५ स्थित सिमलधारा नजिकै बा२ज ४१९६ नम्बरको ट्याक्सी त्रिशूली नदीमा खसेर दुर्घटनामा परेको जानकारी प्रहरीमा आएपछि रोका परिवारमा अर्को बज्रपात पर्‍यो ।

घटनालगत्तै आफन्त र परिवार घटनास्थलमा पुगे । प्रहरीले दुर्घटनास्थलबाट पाँच जनाको शव निकाल्यो । घटनामा परेका एक जना अझै बेपत्ता छन् । क्यान्सरबाट निधन भएका छोराको गाउँमै काजकिरिया गर्न भनेर ट्याक्सीमा घर फर्कदै गर्नुभएकी आमा जुनकिरी दुई छोरी, एक नाति र ज्वाइँसँगै अब कहिल्यै गाउँ फर्कनु हुने छैन ।

जुनकिरीसहित दुर्घटनामा ज्यान गुमाएकामा उहाँकी जेठी छोरी ४१ वर्षीया हरिमाया उपरकोटी, कान्छी छोरी २८ वर्षीया अञ्जना रोका, माइला ज्वाइँ ३५ वर्षीय अर्जुन सिर्मल, नौ वर्षीय नाति आगमन उपरकोटी (मृतक हरिमायाका छोरा) भएको वडाध्यक्ष विष्णु श्रेष्ठले जानकारी दिनुभयो । दुर्घटनामा परी बेपत्ता हुनुभएका १८ वर्षीया दिवस रोका क्यान्सर रोगबाट निधन हुनुभएका शङ्करका छोरा हुनुहुन्छ ।

मृतक पाँचै जनाको शव अहिले गोरखा अस्पतालमा शव परीक्षणका लागि राखिएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । दुर्घटनामा परी रोका परिवारमा पाँच जनाको मृत्यु र एक बेपत्ता भएको घटनाले अहिले सिङ्गो पौवाखेत शोकमा डुबेको छ । अस्पतालमा परिवार र आफन्तलाई सान्त्वना दिन पुगेकाहरूसमेत बोल्न र सम्झाउन सक्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

# लेक लागेर तीर्थयात्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ चैत

मुस्ताङमा लेक लागेर एक जना तीर्थयात्रीको मृत्यु भएको छ । मुक्तिनाथ मन्दिर दर्शन गर्न जान हिँडेकी भारत गुजरातकी ६५ वर्षीया जानी तरना विनको लेक लागेर शनिबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

प्रहरी नायव उपरीक्षक भोजराज पाण्डेका अनुसार सात जनाको टोलीमा मुक्तिनाथ जान हिँडेकी विनलाई थासाङ गाउँपालिका-१ टुकुचे पुग्दा अक्सिजनको कमी भएपछि जोमसोम अस्पताल लगिएको थियो । जोमसोम अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायव उपरीक्षक पाण्डेले बताउनुभयो ।

चालु आर्थिक वर्ष २०८०/८१ मा दुई जना नेपाली र छ विदेशीको मुस्ताङमा लेक लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पछिल्लो तीन वर्षमा लेक लागेर २६ जनाले ज्यान गुमाएका छन् ।

# कम्प्युटर विज्ञान पढाउन प्रवासीको सहयोग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ चैत

जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ स्थित शिख नमूना आवासीय माध्यमिक विद्यालयमा कम्प्युटर विज्ञान पढाउन प्रवासमा रहेका म्याग्दीवासीले रु १३ लाख सहयोग जुटाएका छन् ।

आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ मा कम्प्युटर विज्ञान पठनपाठन गर्न स्थायी ठेगाना शिख भई हाल बेलायत बसोबास गर्नुहुने दानबहादुर गर्बुजाको संयोजनमा सहयोग जुटाइएको हो । विद्यालयका प्रअ केदार कार्कीले प्रवासमा रहेकाहरू मिलेर २० थान डेक्सटप कम्प्युटर सहयोग गरेको बताउनुभयो । "ग्रामीण क्षेत्रको विद्यालयमा प्रविधिमैत्री आधुनिक शिक्षा प्रदान गर्न कम्प्युटर विज्ञान विषय पढाउने तयारी गरेका छौँ," उहाँले भन्नुभयो, "विदेशमा रहनुभएका विद्यालयका पूर्वविद्यार्थी, अभिभावक र शुभचिन्तकले सहयोग रकम जुटाउनु भएको छ ।" घनश्याम तिलिजा, लालबहादुर पाइजाका परिवारले शुक्रबार चार थान कम्प्युटर विद्यालयलाई हस्तान्तरण गर्नुभयो । १६ थान कम्प्युटर केही दिनमै विद्यालयमा ल्याउने तयारी छ । शिख उपल्लोस्वारा घर भई हाल बेलायत निवासी घनश्याम तिलिजाको परिवारले तीन थान डेक्सटप कम्प्युटरका लागि रु एक लाख ९५ हजार, विद्यालयको अतिरिक्त क्रियाकलाप कोषलाई रु दुई लाख नगदसहित चार थान भलिबल, बास्केटबल र एक थान भलिबलको नेट गरी कूल रु. दुई लाख ३६ हजार सहयोग गर्नुभएको छ ।

शिख मूलपानी घर भई हाल बेल्जियम निवासी लालबहादुर पाइजाको परिवारबाट एक थान डेक्सटप कम्प्युटर, आमा समूहलाई रु २० हजार, छात्राबासका लागि रु दश हजार गरी रु ९५ हजार सहयोग गर्नुभएको विद्यालयले जनाएको छ ।

कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयले गण्डकी प्रदेश सरकारको सहयोगमा छात्राबास सुविधा प्रदान गरेको छ । हाल ३० जना विद्यार्थीले छात्राबासको सुविधा लिएका छन् । प्रदेश सरकारले प्रतिविद्यार्थी दैनिक रु ६५ का दरले आवासीय विद्यार्थीलाई सहयोग गरेको छ । अपुग रकम दाताहरूको सहयोगमा जुटाइएको छ । विद्यालयमा एक सय ६७ विद्यार्थी अध्ययनरत छन् ।

# छ महिनामै उप्कियो लोकमार्गको कालोपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ चैत

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको घोडाबाँधे-गलकोट खण्डको कालोपत्र छ महिना नबित्दै उप्किएको छ । कालोपत्र उप्किएपछि सडकमा खाल्डाखुल्डी भएको छ ।

एक दशकअगाडि कालोपत्र भएको घोडाबाँधे-गलकोट खण्ड जीर्ण बनेपछि मर्मत गरिएको थियो । निर्माण कम्पनीले गत असोजमा कालोपत्र गरेको सडक एक महिनापछि उप्किन थालेको थियो । अहिले लोकमार्गको बीच भागमा ठूला-ठूला खाल्डा परेका छन् । कालोपत्र उप्किएपछि सडक हिलाम्य र धुलाम्मे बन्ने गरेको छ ।

गुणस्तरहीन कामका कारण कालोपत्र उप्किएको स्थानीयले आरोप लगाएका छन् । विसं २०७९ असार २२ मा लोकमार्ग कार्यालयसँग सम्झौता गरी जोशी निर्माण कम्पनी काठमाडौँले मर्मतको काम गरेको थियो । निर्माण कम्पनीले कालोपत्र गरेको लोकमार्गको घोडाबाँधे भ्यूटावर, काफलठुटा, झाँक्रीस्थान नरठाँटीलगायत दर्जनौँ ठाउँमा उप्किएको छ । कालोपत्र उप्किएर खाल्डाखुल्डी बनेपछि सडकमा यात्रा जोखिमपूर्ण भएको सवारी चालक बलबहादुर सुनारले बताउनुभयो । "ठेकेदारले सुरुमा राम्रो काम गरिरहेको थियो तर कालोपत्र गर्ने बेलामा कमसल सामान प्रयोग गरेछ । अहिले गाडी कुदाउने खालको सडक छैन । जताततै खाल्डाखुल्डी र हिलोधुलो छ", चालक सुनारले भन्नुभयो, "गुणस्तरहीन काम भएकाले सरकारले यस्तालाइ कारबाही गर्नुपर्छ ।" गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले लोकमार्गअन्तर्गत गलकोट खण्डको धेरै ठाउँमा समस्या भएको बताउनुभयो । नरेठाँटीदेखि भ्यू टावरसम्मको सडक कतै कालोपत्र उप्किएको, कतै नाली पुरिएको त कतै सडकको 'लेभल'नै नमिलेको उहाँको भनाइ छ ।

लोकमार्ग मर्मतका लागि निर्माण कम्पनीले रु १३ करोड ९९ लाखमा आगामी असोज २१ गतेसम्म सडक मर्मत सक्ने गरी ठेक्का लिएको थियो । मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका सूचना अधिकारी इञ्जिनियर पवन सुवेदीले निर्माण कम्पनीले समयमै काम सके पनि गुणस्तरीय नभएको स्वीकार्नुभयो । इञ्जिनियर सुवेदीले कालोपत्र भएको एक महिना नबित्दै उप्किएको सडकलाई पुनः मर्मत गर्न लगाएको र बिग्रिएको ठाउँमा थप मर्मत गर्न आग्रह गरेको बताउनुभयो ।

"निर्माण कम्पनीले जिम्मा लिएको जति स्थानमा सडक भत्किएको छ, कालोपत्र उप्किएको छ, त्यो सबै उसैले बनाउनुपर्छ, यसको जिम्मेवार निर्माण गर्ने कम्पनी नै हो । उनीहरूलाइ काम गर्नुपर्‍यो भनेर हामीले भनिरहेका छौँ," सुवेदीले भन्नुभयो, "काम गरिरहेकै बेला पनि कालोपत्र उप्किएको गुनासो आएपछि मर्मत गर्न लगाएका थियौँ । अहिले फेरि धेरै ठाउँमा उप्किएछ । त्यो निर्माण कम्पनीले जिम्मेवार भएर मर्मत गर्नुपर्छ ।" मध्यपहाडी लोकमार्ग बागलुङ जिल्लाभित्र करिब एक सय ४२ किलोमिटर पर्छ । त्यसमध्ये बिउँ खण्डको १२ किलोमिटरबाहेक अधिकांश सडक कालोपत्र भइसकेको छ ।

# प्रभावकारी बन्दै 'दिगो सडक' कार्यक्रम

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ चैत

स्थानीय तह गठनपछि पहिलो कार्यकालको तेस्रो वर्षमा मात्रै जैमिनी नगरपालिका-८ छिस्ती सडक सञ्जालले जोडिएको थियो । अहिले यहाँका अधिकांश बस्तीमा बाह्रै महिना सवारी सधान सञ्चालन हुन थालेका छन् । नगरले कालीगण्डकी करिडोर र कृषि सडकलाई मूल मार्ग मानेर अन्य सडक सञ्जाल विस्तार गरेको हो ।

यसअघि पूर्वाधार विकासको पहिलो खुड्किला मानिएको सडक नपुगेकाले अन्य पूर्वाधारको विकासका लागि नगरसँग चुनौतीका चाङ थिए । अहिले जैमिनीका सबै गाउँ सडक सञ्जालले जोडिएका छन् । सबै वडा कार्यालयमा बाह्रै महिना सवारी सञ्चालन हुनेगरी सडक सञ्जाल विस्तार भए पनि अझै पर्याप्त नभएको जैमिनी-८ छिस्तीका नारायण पौडेलको भनाइ छ ।

पालिका सदरमुकाम कुश्मीशेरा बजार जिल्ला सदरमुकाम बागलुङ बजारसँग कालोपत्र सडकले जोडिएको छ । कुश्मीसेराबाट वडाहरू जोड्ने सडकका नाकामा कालोपत्र र ढलानको काम सुरु भएको छ। नगरले सडक विस्तारमा नयाँ रणनीति लागू गरेको छ । जैमिनीले सडक बनाउने मात्रै नभई बनेका सडकलाई टिकाउन प्रयत्न गरिरहेको जनाएको छ । पहिलो कार्यकालमा सुरु भएको दिगो सडक कार्यक्रमलाई जैमिनीले नमूनाका रूपमा कार्यान्वयन गरिरहेको नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । उहाँका अनुसार दश वडा रहेको नगरमा १३ दिगो सडकका योजना छन् । यी सडक स्तरोन्नति भइसक्दा जैमिनीका सबै वडामा बाह्रै महिना सवारीसाधन सहजै पुग्ने नगर उपप्रमुख शर्माले बताउनुभयो । "जैमिनी-१, ५, ६, ७ र ८ लाई छोएर राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर उत्तरबाट दक्षिण लाग्छ", उहाँले भन्नुभयो, "वडा नं १, २, ४, ९ र १० लाई छोएर बागलुङ शान्तिपुर कृषि सडक बनेको छ ।" यिनै दुईवटा मुख्य सडकलाई आधार बनाएर जैमिनीले हरेक वडा जोड्न दिगो सडक कार्यक्रम सञ्चालनमा ल्याएको हो । "दिगो सडक कार्यक्रम हरेक वडामा क्रमबद्ध रूपमा पक्की सडक पुऱ्याउने लक्ष्यका साथ सञ्चालनमा ल्याइएको कार्यक्रम हो", शर्माले भन्नुभयो, "हामीले गौरव गर्न सकिने गरी १३ सडक तयार गर्दैछौँ ।" हरेक वर्ष दिगो सडकका लागि बजेट विनियोजन हुने गरेको उहाँले जानकारी दिनुभयो ।



# सार्वजनिक सूचना

बागलुङ जिल्ला तङ्ग्राम नगरपालिका वडा नं. ५ बस्ने जग बहादुर पुनको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ५५२८, ५५३०, ५५३२ को क्षेत्रफल १४५.०६ वर्गमिटर भएको जगामा घर निर्माण गर्ने क्रममा पुर्व तर्फ कि. नं. ४११, दक्षिण तर्फ कि.नं. ५५२९ र उत्तर तर्फ कि.नं. ४०७९, ४०८३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# सम्मानसहित एसओएस गण्डकीमा विद्यार्थीको बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, १७ चैत

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर स्कुल गण्डकीका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूलाई बिदाइ गरिएको छ।

विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीच उनीहरूलाई बिदाइ गरिएको हो। एसओएसका संस्थापक डा. हर्मन माइनरको तस्बिरमा पुष्पार्पण गरी कार्यक्रमको समुघाटन गरियो। कक्षा ११ का विद्यार्थीहरूको आयोजनामा सम्पन्न कार्यक्रमको सभापतित्व विद्यालयका प्राचार्य चूडामणि सुवेदीले गरेका थिए।




कास्की क्षेत्र नं. २ की सङ्घीय सांसद् विद्या भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा बिदाइ मन्तव्य व्यक्त गर्दै विद्यालयका १०+२ का संयोजक खगेन्द्रराज बरालले विद्यालयले बर्सेनि प्राप्त गरिरहेको सफलताको चर्चा गर्दै बिदाइ भएर जाने विद्यार्थीहरूको उत्तरोत्तर प्रगतिको कामना गरे। समारोहमा बिदाइ भएर जाने विद्यार्थीहरूको सम्मानमा कक्षा ११ का विद्यार्थीहरूले विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पनि प्रस्तुत गरेका थिए। समारोहमा एमबीबीएस, बीई, बीएस्सी नर्सिङ, बीडीएस, वनविज्ञान, इन्जिनियरिङजस्ता राष्ट्रका विभिन्न क्षेत्रमा उत्कृष्टता हासिल गर्न सफल विद्यालयका भूतपूर्व विद्यार्थीहरूलाई सम्मानसमेत गरिएको थियो। बिदाइ भएर जाने कक्षा १२ का विद्यार्थीहरूलाई विशेष अतिथि तोरणबहादुर बानियाँ, एसओएस गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य, विद्यालयका प्राचार्य चूडामणि सुवेदी, सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेलले संयुक्त रूपमा अबिर र खादा अर्पण गरी मायाको चिनोसमेत प्रदान गरे। आफैँ स्रोत जुटाएर एसओएसले राज्यले गर्नुपर्ने दायित्व पूरा गरिरहेकामा प्रसन्नता व्यक्त गर्दै प्रमुख अतिथि तथा सङ्घीय सांसद विद्या भट्टराईले आगामी दिनमा आफूले एसओएस स्कुल सञ्चालनका विषयमा सङ्घीय सांसदमार्फत् सरकारको ध्यान आकर्षण गर्ने बताइन्। 'सुख-दुःख, प्राप्ति-क्षति दुवैलाई सामानान्तर ढङ्गले सामना गर्दै सङ्घर्षपूर्ण जीवन जिउने विद्यार्थी नै जीवनमा सफल हुन्छ।' सांसद भट्टराई भनिन्, 'एसओएसजस्तो प्रतिष्ठित विद्यालयबाट दीक्षित भई बिदा भएर जाने विद्यार्थीहरू आफ्नो उज्ज्वल भविष्य निर्माणसँगै नेतृत्वदायी भूमिकासहित समाज रूपान्तरण अभियानमा पनि अग्रसर हुनुपर्दछ।' पोखरा महानगरपालिका वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले जीवनमा आर्थिक प्रगतिभन्दा पनि इमानदारी र नैतिकता महत्त्वपूर्ण भएकाले यसैभित्र विद्यार्थीहरूले सफलता खोज्दै देशसेवा गर्न तत्पर हुनुपर्ने बताए। एसओएस गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यले आत्मनिर्भर बन्ने प्रक्रियामा सङ्घर्ष गरिरहेको विद्यालयले सङ्घ, प्रदेश र स्थानीय सरकारबाट यथाशक्य सहयोगको अपेक्षा गरिरहेको बताउँदै बिदाइ भएर जाने विद्यार्थीहरूले शिक्षा प्रदान गर्ने आफ्नी आमाजस्तो सम्मानित शिक्षालयलाई सदैव स्मरण गरिरहनुपर्ने बताए। विद्यालयबाट बिदाइ भएर जाने विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले जहाँ पुगे पनि विद्यार्थीहरूले एसओएसको सद्भावना दूतका रूपमा रहेर कार्य गरिरहने विश्वास व्यक्त गरे।

सम्मानित विद्यार्थीहरूका प्रतिनिधित्व गर्दै गतवर्ष शिक्षा मन्त्रालयको सरकारी कोटाबाट चिकित्साशास्त्रतर्फ तेस्रो नम्बरमा नाम निकाल्न सफल विप्लव पौडेलले एसओएसमा अध्ययन गरी विभिन्न क्षेत्रमा सफलता हासिल गरेका आफ्ना अग्रजहरूको प्रेरणाले आफूलाई पनि सफलताको खुड्किलो चढ्ने हौसला प्रदान गरेको बताए। समारोहमा पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, एसओएस युवालय गण्डकीका प्रमुख बाबुराम बराल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन एसओएस गण्डकीका एकाइ अध्यक्ष टीकाराम सुवेदी, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीर सिंह बूढा र प्रभास पौडेल, एसओएस बालग्राम गण्डकीकी आमा प्रतिनिधि पार्वती पाण्डेलगायतका अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो। समारोहमा कक्षा १२ का तर्फबाट रिश्मा पाण्डे र सुशान्त गुरुङ तथा कक्षा ११ का तर्फबाट प्राश्ना पौडेलले बिदाइ मन्तव्य राखेका थिए भने कक्षा ११ का विद्यार्थीहरू रिया गौतम, प्रज्ञा शर्मा, कस्मिना पराजुली र अनुष्का आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए।

# संस्कृति संरक्षण गर्न तनहुँमा कौरा प्रतियोगिता

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ चैत

नयाँ वर्ष २०८१ को अवसरमा तनहुँको भिमाद नगरपालिका-५ स्थित मिछ्र्लुङमा मौलिक खुला कौरा प्रतियोगिता हुने भएको छ। मिछ्र्लुङ पर्यटन विकास समितिको आयोजनामा आगामी वैशाख १ गते मौलिक कौरा प्रतियोगिता हुन लागेको हो।

मगर समुदायको लोकप्रिय मौलिक नाच कौराको संरक्षण गरी गाउँ पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन गतिविधिबाट स्थानीयको आयआर्जन वृद्धि गर्ने

उद्देश्यका साथ प्रतियोगिता आयोजना गर्न लागिएको समितिका अध्यक्ष नरेन्द्र थापाले राससलाई जानकारी दिनुभयो। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु ७५ हजार, रु ५० हजार र रु २५ हजार पुरस्कार प्राप्त गर्नेछ। समूहमा घटीमा १५ र बढीमा २० जना हुनुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा लोकदोहोरी गायक राजु परियार र गायिका शिला आलेको सांस्कृतिक कार्यक्रम समावेश गरिएको प्रतियोगिताका सहसंयोजक हर्कबहादुर रानाले जानकारी दिनुभयो। मगर लाफा भिलेजका साथै मिछ्र्लुङ साँस्कृतिक समूहको सहआयोजनामा हुने उक्त प्रतियोगितामा १५ समूहको सहभागिता रहने छ। मगर समुदायको कौरा, इ्याउरे र अर्गानिक परिकार मिछ्र्लुङको विशेषता हो।

# हाटबजारमा स्थानीय महदेखि सिस्नुसम्म

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ चैत

तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालित हाटबजारमा स्थानीय उत्पादनले बजार पाउन थालेको छ। गाउँपालिकाको सक्रियतामा प्रत्येक शुक्रबार सञ्चालन हुने हाटबजारमा स्थानीय उत्पादनले बजार पाएपछि कृषक हर्षित भएका छन्।

हाटबजारमा मह, गोलभैँडा, सिस्नु, गिठ्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लीगानलगायत दैनिक उपभोग्य वस्तु किनबेच हुने गरेको छ। हाटबजारमा स्थानीय उत्पादन बिक्री वितरणको व्यवस्था मिलाएपछि उपभोक्तालाई सहज भएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले बताउनुभयो। उहाँले भन्नुभयो, "हाटबजार कृषक र उपभोक्ता जोड्ने राम्रो माध्यम बनेको छ। उपभोक्ताले आफूले चाहेका उपभोग्य वस्तु एकै ठाउँमा किन्न पाएका छन् भने कृषकले उत्पादित वस्तु बिक्री गर्ने ठाउँ पाएका छन्।" प्रत्येक शुक्रबारे हाटमा उपभोक्ताको भीड हुने केसीको भनाइ छ। हाटबजार सञ्चालन हुने दिन के के वस्तु आउँदैछ भनेर उपभोक्ताले पहिल्यैदेखि सोधखोज गर्ने गरेको उहाँले बताउनुभयो।

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीका मह उत्पादक कृषक सुकबहादुर गुरुङले हाटबजारले गर्दा महले बजार पाएको बताउनुभयो। उहाँले भन्नुभयो, "मह बिक्रीका लागि बजारको अभाव छैन, हाटबजारमै छोपाछोप हुन्छ।" उहाँका अनुसार मह प्रतिकेजी रु एक हजारमा बिक्री भइरहेको छ। स्थानीय कृषक ममिता गुरुङले पनि हाटबजार सञ्चालनले मह बिक्री गर्न सजिलो भएको बताउनुभयो। छिम्केश्वरीका कृषक लक्ष्मण गुरुङलाइ गाउँमा उत्पादित साग हाटबजारबाट बिक्री वितरण गर्न सहज भएको छ। आँबुखैरेनी गाउँपालिकाले गत वर्षको फागुनदेखि हाटबजार सञ्चालन गरेको हो। गाउँपालिकाले दश वर्षका लागि जग्गा भाडामा लिएर हाटबजार सञ्चालन गरेको गाउँपालिका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। चुमानका अुसार वार्षिक रु दश लाख ५० हजार भाडा तिर्ने गरी गाउँपालिकाले जग्गा भाडामा लिएको हो। गाउँपालिका भित्रका जुनसुकै वडाका कृषकले आफूले उत्पादन गरेका सामग्री हाटमा ल्याएर बेच्न सक्ने उहाँको भनाइ छ। किसानले उत्पादन गरेका सामग्री बिक्री नभए गाउँपालिकाले जिम्मा लिने निर्णय गाउँपालिकाले जनाएको छ। यसले गर्दा कृषकलाई कृषि पेसामा लाग्न प्रेरणा मिल्ने र गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने अध्यक्ष चुमानको भनाइ छ।

# पदयात्रामा मौसमको चुनौती

**रामबहादुर थापा**
गण्डकी, १७ चैत / रासस

दुई इटालियन पर्यटकसहित दिवस गुरुङ यतिबेला अन्नपूर्ण आधार शिविरको पदयात्रामा हुनुहुन्छ। वसन्त ऋतुमा ढकमक्क फूलेको लालीगुराँस र हिमाल देखाउँदै पर्यटक घुमाउने उहाँको योजनामा मौसम भने बाधक बनिरहेको छ। एक सातादेखि आकाश धुम्म छ। झरी परिरहेको छ। पदयात्राको याममा पर्यटकलाई मौसमले चुनौती दिएको दिवसको भनाइ छ।

"मौसम प्रतिकूल हुँदा पदयात्रा सोचेजस्तो रोमाञ्चक भएको छैन। मनसुनमा आएको परिर्वतनसँगै वर्षा हुँदा यात्रामा थप कठिनाइ भएको छ, हिमाल हेर्न पाइएको छैन", पर्यटक पथप्रदर्शक गुरुङले भन्नुभयो, "आइतबारदेखि मौसम खुल्ने आशामा छौँ।" उहाँले आधार शिविर पुग्न अझै तीन लाग्ने बताउनुभयो। दोस्रो मुख्य पर्यटकीय याम सुरु भइसक्दा मौसमकै कारण गन्तव्यस्थलमा पर्यटकीय चहलपहल कम देखिएको उहाँको भनाइ छ। पदयात्रामा जाने तयारीमा रहेका कतिपय पर्यटकले यात्रा रद्द गरेको गुरुङले सुनाउनुभयो। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका पर्यटन व्यवसायी जुली पुनले मौसम नखुलेपछि पर्यटक कम आएको बताउनुभयो। "केही दिनयता तुवाँलो मडारिएर हिमाल खुलेको छैन, वर्षा पनि भइरहेको छ, सिजनमा पनि पर्यटकीय चहलपहल कम छ", उहाँले भन्नुभयो, "बेमौसमको झरीले पर्यटन क्षेत्रमा असर पुऱ्याएको छ।" पुनका अनुसार स्वच्छ र शान्त वातावरणमा हिमाल नियाल्न पर्यटक घोरेपानी र पुनहिल पुग्ने गर्दछन्। ३२ सय १० मिटर उचाइमा अवस्थित पुनहिलबाट विश्वका दश अग्ला हिमालमध्येमा पर्ने अन्नपूर्ण, धवलागिरि, मनास्लुलगायत दजनौँ हिमाल एकसाथ देख्न सकिने उहाँले जानकारी दिनुभयो। पुनले घोरेपानीमा वनपाखा अहिले लालीगुराँसले ढाकेको सुनाउनुभयो। "असोजदेखि मङ्सिरसम्म र चैत-वैशाखको गुराँस फूल्ने याममा यहाँ धेरै पर्यटक आउँछन्", उहाँले भन्नुभयो। संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रविन कडरियाले मौसम प्रतिकूल हुँदा पदयात्रा पर्यटन क्षेत्र प्रभावित बनेको बताउनुभयो। पर्यटकीय याम सुरु भएसँगै अन्नपूर्ण क्षेत्रमा पर्यटकको आवतजावत बढिरहेका बेला केही दिनयता भइरहेको वर्षाले पर्यटकीय गतिविधि सुस्त भएको उहाँको भनाइ छ। "अहिले पदयात्राको याम हो, मौसम खुल्नासाथ पर्यटकीय चहलपहल पुनः बढ्छ", डा कडरियाले भन्नुभयो। गत पुस-माघमा उक्त क्षेत्रमा भित्रने विदेशी पर्यटकको सङ्ख्या घटेकामा फागुनयता भने विस्तारै पर्यटकको आगमन बढिरहेको उहाँको भनाइ छ। डा कडरियाका अनुसार गत फागुनमा १५ हजार तीन सय ६९ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका थिए।

पर्यटनका लागि 'अफसिजन' मानिने पुसमा आठ हजार चार सय ९२ र माघमा छ हजार एक सय ७९ पर्यटकले सो क्षेत्रको भ्रमण गरेका कडरियाले जानकारी दिनुभयो। "असोज-मङ्सिर र फागुन-वैशाख गरी दुई मुख्य पर्यटकीय याममा यस क्षेत्रमा पर्यटकको चहलपहल बढ्छ", उहाँले भन्नुभयो, "जाडो र वर्षात्को याममा कम पर्यटक आउँछन्।" अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृतिलगायत कारणले पर्यटकको रोजाइमा पर्ने गरेको छ। कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायतका मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ। सडक मार्ग हुँदै पनि यस क्षेत्रका विभिन्न गन्तव्यस्थलमा पुग्न सकिन्छ। हिमशृङ्खलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा अन्नपूर्ण क्षेत्र चिनिएको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ।अमेरिकी सञ्चारमाध्यम 'द न्युयोर्क टाइम्स'ले सन् २०२४ मा घुम्न उपयुक्त विश्वभरका ५२ ठाउँको सूचीमा समावेश गरेको मुस्ताङ पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्छ। यसअघि अमेरिकाकै अर्को समाचार संस्था 'सिएनएन'ले सन् २०२३ मा विश्वका घुम्नैपर्ने २३ गन्तव्यको सूचीमा मुस्ताङ उपत्यकालाई समेटेको थियो। गत कात्तिकमा नेपाल भ्रमणका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस अन्नपूर्ण आधार शिविर पुगेपछि त्यस क्षेत्रले थप चर्चा पाएको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०५ भलपानी नियन्त्रण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भलपानी नियन्त्रण
ठेगानाः पोखरा-०५, पोखरा
योजना सम्झौता मितिः २०८०/११/१७ गते
योजना शुरु हुने मितिः २०८०/११/१७ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८०/१२/१४ गते
योजनाको कुल लागतः रु. ४,३०,५००/–
महानगरपालिकाबाटः रु. ३,००,०००/-
जनसहभागिताबाटः रु.१,३०,५००/-
उपभोक्ता समितिका अध्यक्षः छविलाल सुवेदी
सम्पर्क नं.: ९८४६६१८८५९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ४, पुरुषः ३

**झौरीखेत भलपानी नियन्त्रण उपभोक्ता समिति**
**पोखरा-५**


# सरसफाइ विज्ञ भूमिको पुस्तक विमोचन

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ चैत

सरसफाइ विज्ञ नमस्तेलाल भूमिबारेमा लिखित 'नमस्तेलाल देशभित्र, देशबाहिर' पुस्तकको शनिबार विमोचन गरिएको छ।

तनहुँको बन्दीपुर गाउँपालिका निवासी भूमिबारे लेखिएको उक्त पुस्तकको दमौलीमा आयोजित कार्यक्रममा तनहुँ क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले विमोचन गर्नुभएको हो। उक्त पुस्तकमा विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा छापिएका सामग्री सङ्कलन गरिएको छ। नकारात्मक कुराले जरो गाडेको वर्तमान परिप्रेक्ष्यमा सकारात्मक सोचको भावना विकास गर्ने उद्देश्यसहित पुस्तक प्रकाशनमा ल्याइएको सरसफाइ विज्ञ भूमिले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "धेरै नकारात्मकताको विकास भएको सन्दर्भमा यसलाई चिर्दै सकारात्मक भावनाको विकासका लागि पुस्तकले सहयोग पुऱ्याउने विश्वास गरेको छु।" प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले हरेक व्यक्तिले सकारात्मक सोच राख्नुपर्नेमा जोड दिनुभयो। सकारात्मक सोचको विकास गर्न सकेमात्रै देशमा समृद्धि सम्भव रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "मान्छेमा नकारात्मक बढी हावी छ। देशमा केही भएन भन्ने जमात बढी छ। देश विकासका लागि के गर्न सकिन्छ त्यसतर्फ सकारात्मक भएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो।" राष्ट्रिय स्वतन्त्र पार्टी तनहुँका संयोजक विश्व बास्तोलाले नमस्तेलाल भूमिले देश तथा देशबाहिर पुऱ्याउनुभएको योगदानलाई एकीकृत गरी पुस्तक प्रकाशन गरिएकाले यो एक दस्ताबेज बन्न सक्ने उल्लेख गर्नुभयो। पुस्तकमा नमस्तेलालबारे पत्रिकामा छापिएका पाँच सामग्री, पत्रिका, स्मारिकालगायतमा छापिएका पाँच अन्तवार्तासार, पाँच कविता, अन्तर्राष्ट्रिय मिडियामा नमस्तेलालका पाँच सामग्री समेटिएको छ। तनहुँको बन्दीपुरमा जन्मिनुभएका भूमिले युनिसेफ, लुथरेन वर्ल्ड सर्भिस, अमेरिका पिस कोर्प्स, युनाइटेड मिसन अफ नेपालमा काम गरिसक्नुभएको छ। विशेषगरी नेपालमा खुला दिसामुक्त घोषणाको सन्दर्भमा उहाँले सरसफाइको क्षेत्रमा योगदान दिनुभएको थियो। उहाँले यसअघि आफ्नै माटो आफ्नै बाटो र सकारात्मक सोच, खोज र रोज पुस्तक प्रकाशन गरिसक्नुभएको छ।

# विकास निर्माणमा सबै एकजुट हुनुपर्छः राष्ट्रपति

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले विकास निर्माणमा सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिनुभएको छ।

तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माण हुने ज्येष्ठ नागरिक भवनको शनिबार शिलान्यास गर्नुहुँदै राष्ट्रपति पौडेलले विकास निर्माणमा एकजुट हुन आफूले राजनीतिक दलका नेताहरूलाई भन्ने गरेको स्मरण गर्नुभयो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रु १५ करोड लगानीमा निर्माण हुन लागेको १८ कोठे भवनको राष्ट्रपति पौडेलले शिलान्यास गर्नुभएको हो। तनहुँको गाइघाट क्षेत्रको विगतको अवस्थाबारे चित्रण गर्दै उहाँले पञ्चायतका कठिन दिनहरूमा आफूहरू त्यहाँ सङ्गठन निर्माण गर्न जाँदा गरिबी र अभावले खानसमेत नपाइने अवस्था रहेको स्मरण गर्दै लोकतन्त्रपछि त्यस क्षेत्रले काँचुली फेरेको बताउनुभयो। गाइघाटमाथिको एउटा वडामा मात्रै पनि करोडौको सुन्तला फल्ने गरेको र त्यसलाई बजारसम्म पुऱ्याउन त्यहाँ पुलको आवश्यकता रहेको उहाँको भनाइ छ। राष्ट्रपति पौडेलले पवित्र तपोभूमि कालीगण्डकी र त्रिशूलीको सङ्गम देवघाटमा ज्येष्ठ नागरिक भवन बनेपछि त्यो भवन पूर्वीय दर्शन र वेदान्त चिन्तनको छलफल गर्ने स्थल बन्ने धारणा व्यक्त गर्नुभयो। राष्ट्रपति पौडेलले प्रतिगामीहरूको स्वर्ग अतितमा हुने र लोकतन्त्रवादी तथा समाजवादीहरूको स्वर्ग भविष्यतिर हुने समेत उल्लेख गर्नुभयो। "अहिले निराशा छ भनेर प्रतिगामीले हल्ला फैलाएका हुन्, प्रतिगामीहरूको स्वर्ग अतितमा हुन्छ, तर हामी लोकतन्त्रवादी र समाजवादीहरूको स्वर्ग भविष्यमा छ, हामी भविष्यलाई स्वर्ग बनाउँछौ", उहाँले भन्नुभयो। उहाँले विदेश पलायन भएर यहाँ केही नभएको भनेर कुरा काट्नु पनि अनुचित भएको बताउँदै भन्नुभयो, "हाम्रो देश पृथ्वीमै स्वर्ग जस्तै छ, यसैलाई यही बसेर देश बनाउनुपर्छ, अब विदेश पलायन रोकिनुपर्छ।"